“जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नु भयो : “जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।” [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब सलाह पढ्ने व्यक्तिलाई आफ्नो पेटमा केही महसुस हुन्छ र हावा खुस्केको छ वा छैन निश्चित छैन भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म नमाज छोडेर पुनः वोजू गर्न बाहिर जानु पर्दैन । किनभने शङ्काको आधारमा निश्चित कुरा अमान्य हुँदैन र यहाँ पवित्रता निश्चित कुरा हो, जबकि वोजू भङ्ग भयो कि भएन शंकास्पद कुरा हो ।

https://sunnah.global/hadeeth/ne/show/65083